राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक १६९ | २०८२ माघ ८ गते विहिवार (22 Jan. 2026) | पृष्ठ ४ | मूल्य रु. ३।-

## एसइई चैत १९ गतेदेखि २९ सम्म

दैनिक समाचारदाता

काठमाडौँ, ७ माघ । यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आगामी चैत १९ गतेदेखि २९ गतेसम्म सञ्चालन हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्डले बुधबार परीक्षाको तालिका सार्वजनिक गरेको हो । जस अनुसार चैत १९ गते पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सञ्चालन हुने छ । त्यस्तै चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन, २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय र २६ गते ऐच्छिक द्वितिय खण्डका सबै विषयको परीक्षा सञ्चालन हुने छ । बोर्डका परीक्षा नियन्त्रक (कक्षा १०) टुकराज अधिकारीका अनुसार चैत २७, २८ र २९ गते भने प्राविधिक धारका बाँकी विषयका परीक्षा सञ्चालन हुने छ । यसपटक फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचनको मिति तोकिएका कारण एसइई गत वर्षको भन्दा १२ दिन ढिलो हुन लागेको हो । गत वर्षको एसइई चैत ७ गतेदेखि सञ्चालन भएको थियो ।

## पाँच उम्मेदवारविरुद्ध निर्वाचन आयोगमा उजुरी



दैनिक समाचारदाता

काठमाडौँ, ७ माघ । आगामी २१ फागुनमा हुने प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत मङ्गलबार १६५ वटै निर्वाचन क्षेत्रमा मनोनयनपत्र दर्ता गरेका तीन हजार ४८६ उम्मेदवारमध्ये ५ जनाविरुद्ध निर्वाचन आयोगमा उजुरी परेको छ। निर्वाचन आयोगले बुधवार पत्रकार सम्मेलनको आयोजना निर्वाचन क्षेत्रस्थित निर्वाचन अधिकृतको कार्यालयमार्फत ५ उजुरी दर्ता भएको जानकारी दिएको हो। आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार भक्तपुर-२ मा दुई वटा र

बाकी ३पृष्ठमा

### संविधान कार्यान्वयनको १० वर्ष

# उपलब्धि, समस्या र चुनौतीबारे जनकपुरधाममा अन्तरक्रिया



दैनिक समाचारदाता

जनकपुरधाम, ७ माघ । संविधान कार्यान्वयनको १० वर्ष पूरा भएको सन्दर्भमा उपलब्धि, समस्या, चुनौती तथा सुधारका उपायबारे जनकपुरधाममा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

नेशनल लेजिस्लेटिभ एकेडेमीको आयोजनामा बुधबार सम्पन्न अन्तरक्रिया कार्यक्रममा संविधानका विभिन्न प्रावधानलाई ९ वटा भागमा विभाजन गरी गहन विमर्श गरिएको हो ।

कार्यक्रममा मधेश प्रदेश सभाका सभामुख रामअशिष यादव प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो भने उपसभामुख बबिता कुमारी राउत ईशर, प्रदेश सांसद शारदा थापा र शारदा देवी दास पहाडी, पूर्वमन्त्री शत्रुधन महतो, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कर्ण, तत्कालीन जिल्ला विकास समितिका सभापति रामचलितर साह, राष्ट्रिय दलित पत्रकार संघका प्रदेश अध्यक्ष कैलास दास, धनुषा अध्यक्ष कुलदीप दास प्रेम, दलित अभियन्ता रामो महरा लगायतको उल्लेखनीय सहभागिता रहेको थियो ।

छलफल कार्यक्रममा खिमलाल देवकोटा, कृष्णप्रसाद सापकोटा र परशुराम मेघी गुरुङले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

संविधानलाई ९ वटा परिच्छेदमा विभाजन गरी संवैधानिक व्यवस्था र त्यसको कार्यान्वयन स्थिति, मौलिक हकको व्यवस्था र कार्यान्वयन, राज्यका निर्देशक सिद्धान्त तथा नीति, समावेशितासम्बन्धी संवैधानिक व्यवस्था, तहगत सरकारमा विधायिकाको अभ्यास, संवैधानिक इजलास, संघ-प्रदेश-स्थानीय तहबीचको अन्तरसम्बन्ध, निर्वाचनसम्बन्धी संवैधानिक व्यवस्था तथा कार्यान्वयन अवस्थाबारे विस्तृत छलफल गरिएको थियो ।कार्यक्रममा सहभागी वक्ताहरूले संविधान आफैंमा प्रगतिशील र समावेशी भए पनि यसको कार्यान्वयन पक्ष अत्यन्त कमजोर रहेको गुनासो गरेका छन् । संघीयता कार्यान्वयनप्रति राज्य संयन्त्र तथा ठूला राजनीतिक दलहरू इमानदार नहुँदा संघीय संरचना कमजोर बनेको र त्यसकै प्रतिफलस्वरूप जनअसन्तोष तथा 'जेनजी आन्दोलन' देखिएको धारणा व्यक्त गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश सभामुख रामअशिष यादवले कृषि, उद्योग र शिक्षालाई सबल नबनाएसम्म मुलुक समृद्ध हुन नसक्ने र संघीयतालाई पनि मजबुत बनाउन नसकिने स्पष्ट गर्नुभयो ।

बाकी ३पृष्ठमा


## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

*सामाजिक सञ्जालमा:*

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पु-याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,
- जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन ।
- यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# निर्वाचनको भीड लोकतन्त्रको परीक्षा

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ उम्मेदवारी दर्ता प्रक्रिया तीव्र बन्दै गएको छ। साँझ ६ बजेसम्म देशभर २ हजार ९३५ जनाले उम्मेदवारी दर्ता गराइसकेको तथ्यांकले निर्वाचन माहोल कति सक्रिय र प्रतिस्पर्धी बन्दै गएको छ भन्ने स्पष्ट संकेत गर्छ। मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा बिहानैदेखि देखिएको भीड केवल राजनीतिक उत्साहको अभिव्यक्ति मात्र होइन, लोकतन्त्रप्रतिको जनचासो र आकांक्षाको प्रतिविम्ब पनि हो।

तर यो भीडभाडभित्र लुकेको अर्को यथार्थ पनि कम गम्भीर छैन। दर्ता भएका उम्मेदवारमध्ये महिलाको संख्या मात्र ३०३ हुनु, कुल उम्मेदवारीको तुलनामा अत्यन्त न्यूनो प्रतिनिधित्व हो। संविधानले समावेशी र समानुपातिक प्रतिनिधित्वको भावना बोकेको भए पनि प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलाको सहभागिता अझै कमजोर देखिनु चिन्ताको विषय हो। यसले दलहरूभित्रै लैंगिक समानताबारे गहिरो आत्मसमीक्षा आवश्यक रहेको सन्देश दिन्छ।

निर्वाचन आयोगले समयसीमाभित्र कार्यालयमा प्रवेश गरिसकेका उम्मेदवारलाई दर्ता गर्न दिइने व्यवस्था गरेर प्रक्रिया लचकदार बनाएको छ। यसले अधिकारबाट कसैलाई वञ्चित नहोस् भन्ने लोकतान्त्रिक संवेदनशीलता देखाउँछ। तर कतिपय जिल्लामा रातिसम्म दर्ता हुने सम्भावनाले व्यवस्थापन, सुरक्षा र आचारसंहिता पालनाको चुनौती पनि थप्छ। उत्साह र अनुशासनबीचको सन्तुलन कायम गर्नु आयोगका लागि ठूलो परीक्षा हो।

१६५ निर्वाचन क्षेत्रमध्ये सहरी तथा प्रतिस्पर्धी क्षेत्रहरूमा देखिएको बढी चापले राजनीतिक समीकरण फेरिन सक्ने संकेत दिएको छ। ठूला दलसँगै स्वतन्त्र उम्मेदवारहरूको सक्रियताले मतदाताको रोजाइ फराकिलो बनाएको छ। यो सकारात्मक पक्ष हो – किनकि लोकतन्त्रको सौन्दर्य नै विकल्पमा निहित हुन्छ। तर विकल्प धेरै हुनु आफैंमा पर्याप्त होइन; विकल्प सक्षम, जिम्मेवार र नीतिगत रूपमा स्पष्ट हुनु अनिवार्य छ।

अब उम्मेदवारी दर्तापछि प्रारम्भिक सूची, दाबी-विरोध, अन्तिम नामावली र चुनाव चिह्नको चरण सुरु हुनेछ। यी सबै प्रक्रियामा निष्पक्षता, पारदर्शिता र कानुनी मापदण्डको कडाइ अनिवार्य छ। निर्वाचन केवल उम्मेदवारको प्रतिस्पर्धा होइन, राज्यको विश्वसनीयताको पनि परीक्षा हो।

यस निर्वाचनले जनताको विश्वास जित्न सफल होस्, महिलासहित सबै वर्गको प्रतिनिधित्व विस्तार होस् र भीडको उत्साह जिम्मेवार राजनीतिक बहसमा रूपान्तरण होस्। अन्ततः लोकतन्त्रको विजय उम्मेदवारीको संख्याले होइन, जनताको भरोसा र निर्वाचित प्रतिनिधिको उत्तरदायित्वले मापन हुन्छ।

# ९ तरिका, जसले कमाउन मात्रै होइन, बचाउन पनि सिकाउँछ



प्रेम कुमार दनुवार

धेरैजसोको आम्दानी महिनाको अन्त्यमा सकिन्छ, बचत त शून्यमा पुग्छ। यस्तो किन हुन्छ ?किनकी, धेरैलाई थाहाछैन, पैसा बचत गर्ने सामान्य रणनीतिबारे। पैसा जोगाउनु र त्यसलाई सही ठाउँमा लगानी गरेर बढाउनु आजको समयमा हरेकका लागि अत्यावश्यक कुरा भएको छ। पैसा कमाउनु सीप हो भने यसलाई जोगाएर राख्नु पनि एउटा कला पनि हो। त्यसैले, केही सानातिना नियमित बानी र नियम पालना गर्न सके कमाएको पैसा बचाउन सकिन्छ। र, यसले आर्थिक अवस्था बदिन्छ।



***के गर्ने त ?***

***१. आम्दानीको १० देखि २० प्रतिशत अनिवार्य बचत गर्ने***

धेरैको बानी पहिला खर्च गरेर बाँकी रहयो भने बल्ल बचत गर्ने भन्ने हुन्छ। यो गर्दा साथमा पैसा भएपछि अनावश्यक कुरामा समेत खर्च भई कतिबेला सकिन्छ पत्तै पाइँदैन। यदि तलब आएको वा आम्दानी भएकै दिन १० देखि २० प्रतिशत अलग्गै छुट्याउने बानी बसाल्न सकियो भने भविष्यमा पछुताउनु पर्ने छैन।

सो रकम फिक्स्ड डिपोजिट, वा बचत खातामा राख्न सकिन्छ। यो नियमित भयो भने ५ वर्षमा ठूलो रकम जम्मा हुनसक्छ। यो सबैभन्दा आधारभूत र प्रभावकारी तरिका हो।

***२. मासिक बजेट बनाउने र खर्च ट्र्याक गर्ने***

हरेक महिना कति कमाउने, कति खर्च हुने भन्ने स्पष्ट बजेट बनाउन सकिन्छ। मोबाइल एप, मोबाइल वालेट वा मनी म्यानेजर नभए साधारण नोटबुकमा दैनिक खर्च लेख्न सकिन्छ।

यसरी नोट गर्ने बानीले अनावश्यक खर्च जस्तै दैनिक बाहिर खाना, अनलाइन शपिङ, अनावश्यक सामान खरिदमा हुने खर्च घटाउन सकिन्छ। बजेटको हिसाबले अनियन्त्रित खर्च रोक्छ र बचत बढाउँछ। नेपालमा औसत परिवारको ४० प्रतिशत खर्च खानामा हुन्छ, त्यसलाई घरमै पकाएर घटाउन सकिन्छ। यो बानीले महिनामा १०-२० हजार बचत हुन सक्छ।

***३. आपतकालीन कोष***

कम्तीमा ६ देखि १२ महिनाको खर्च बराबरको रकम सजिलै निकाल्न मिल्ने ठाउँमा राख्न सकिन्छ। यसो गर्दा जागिर गुम्दा, बिरामी पर्दा वा अचानक ठूलो खर्च आउँदा यो कोषले तनाव कम गर्छ। नेपालमा स्वास्थ्य खर्च महँगो छ, त्यसैले यो कोष अनिवार्य बनिसकेको छ। यो नहुँदा ऋणमा फस्ने जोखिम धेरै हुन्छ।

***४. अनावश्यक ऋणबाट टाढा रहने***

क्रेडिट कार्ड, व्यक्तिगत कर्जा गरी दैनिक काममा आवश्यक नै नपर्ने महँगा फोन, ल्यापटप, गाडी किन्ने बानीले बचत सक्काउँछ। केवल घर/शिक्षा जस्ता आवश्यक कुरामा मात्र कर्जा लिने र चाँडै तिर्ने योजना बनाउनु उपयुक्त हुन्छ। नेपालमा बैंककै ब्याजदर १०-१५ प्रतिशत सम्म छ। बाहिर लिँदा अझै धेरै पर्छ, जसले ऋणको खाडल ठूलो बनाउँछ। ऋणमुक्त जीवनले मानसिक शान्ति दिन्छ र बचतमा केन्द्रित गर्न सजिलो हुन्छ।

***५. सानो रकमबाट नियमित बचत सुरु गर्ने***

महिनाको ५ हजार वा १० हजार भए पनि बचत सुरु गर्न सकिन्छ। सानो रकमले पनि समयसँगै ब्याजको पनि फाइदा दिन्छ। नेपालमा एसआइपी मार्फत म्युचुअल फन्डमा १ हजारबाट सुरु गर्न सकिन्छ। नियमितता नै सफलताको सुत्र हो।

यसरी थोरै-थोरै जम्मा गर्दा कति नै बच्ला र भनेर बेवास्ता गरिन्छ तर सानोबाट सुरु गर्दा बानी बस्छ र दबाब कम हुन्छ। यो बानीले १० वर्षमा लाखौं बचत बनाउँछ।

***६. खर्च घटाउने स्मार्ट तरिका अपनाउने***

बिजुली/पानी बचत गर्ने, सस्तो इन्टरनेट प्याकेज लिने, घरमै खाना पकाउने, सेकेन्ड ह्यान्ड सामान किन्ने। नियमित लेबी तिर्ने गरी कुनै अनावश्यक संस्थाहरूमा संलग्न हुनुभएको छ भने त्यसबाट अलग हुनु पर्छ। यस्ता स-साना कुराले महिनामा ५-१५ हजार बचत हुन्छ। यसरी दैनिक खर्च ४० प्रतिशतले घटाउन सकिन्छ। अनलाइन शपिङमा डिस्काउन्ट हेर्ने, बजारमा तुलना गर्ने बानी बसाल्नुहोस्। यो तरिकाले जीवनस्तर नघटाई बचत बढ्छ।

***७. वित्तीय ज्ञान बढाउने***

वित्तीय ज्ञान दिने किताबहरू, युट्युबका कन्टेन्ट, नेपालमा शेयर, एसआइपी, एफडीबारे बुझ्दा पैसा फस्ने जोखिम कम हुन्छ। धेरैले ज्ञान नहुँदा घाटा बेहोर्छन्। साप्ताहिक १-२ घण्टा समय दिएर सिक्दा लगानीमा आत्मविश्वास बढ्छ। यो लगानीको सबैभन्दा ठूलो सम्पत्ति बन्नेछ।

***८. परिवारसँगै वित्तीय योजना बनाउने***

श्रीमान/श्रीमती, छोराछोरी सबैलाई बजेट, बचत र लक्ष्यको महत्व बुझाउन सकिन्छ। परिवारले साथ दिएमा खर्च नियन्त्रण सजिलो हुन्छ। नेपालमा धेरै परिवारमा एउटाले मात्र योजना बनाउँदा असफल हुन्छ। सँगै बचत गर्ने, लक्ष्य राख्ने गर्दा राम्रो हुन्छ। यस्तो सामूहिक प्रयासले सफलता छिटो आउँछ।

***९. कमाएको नाफालाई फेरि लगानी गर्ने***

लगानीबाट आएको ब्याज/नाफालाई फेरि लगानी गर्दा पैसा छिटो बढ्छ। उदाहरणका लागि १० प्रतिशत प्रतिफलले ७ वर्षमा दोब्बर हुन्छ। नेपालमा एफडी, एसआइपी र शेयरमा ज्ञान हुँदा यो जादुमयी तरिकाले काम गर्छ।

धैर्य र निरन्तरता देखाई यसरी नियमित दोहोऱ्याउँदा भविष्यमा धनाढ्य बन्न सकिन्छ। यो पैसा जोगाउने अन्तिम र सबैभन्दा शक्तिशाली टिप बन्न सक्छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# शरतसिंह भण्डारी : ४४ वर्षदेखि उम्मेदवार




दैनिक समाचारदाता
काठमाडौं ७ माघ। प्रतिनिधिसभा सदस्यमा प्रत्यक्ष तर्फबाट निर्वाचित हुने १६५ पदका लागि ३ हजार ४८४ जना उम्मेदवारी परेको छ। यसमा कतिपय राष्ट्रिय पञ्चायतकै चुनाव लडेका र जितेकाहरू छन्।

एक हुन- शरतसिंह भण्डारी। भण्डारीले यसपटक महोत्तरी क्षेत्र नम्बर २ मा जसपा नेपालबाट प्रत्यक्ष तर्फ उम्मेदवारी दर्ता गरेका छन्। संसदीय अभिलेख अनुसार ७१ वर्षीय भण्डारी ४४ वर्षदेखिका उम्मेदवार हुन्।

भण्डारीले २०३८ र २०४३ सालमा राष्ट्रिय पञ्चायतको चुनाव जितेका थिए।

२०४३ मा पञ्चायत व्यवस्थाका अन्तिम प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठ नेतृत्वको सरकारमा उनी पहिलो पटक पञ्चायत तथा स्थानीय विकास सहायकमन्त्री भएका थिए। २०४४ साल फागुनमा मन्त्रीमण्डल पुनर्गठन हुँदा उनी वाणिज्य राज्यमन्त्रीमा बढुवा भए। श्रेष्ठ नेतृत्वको मन्त्रिपरिषद् २०४६ साल भदौ १४ र चैत १९ मा हेरफेर हुँदा पनि उनले राज्यमन्त्रीमा निरन्तरता पाएका थिए। २०४६ सालमा प्रजातन्त्र पुनर्बहाली भयो। २०४८ सालको आमनिर्वाचनमा भण्डारी उम्मेदवार भएनन्। २०५१ सालमा भने स्वतन्त्र रूपमा महोत्तरीबाट प्रतिनिधिसभा सदस्यको निर्वाचन जिते। २०५२ मा विना विभागीय राज्यमन्त्री भए। २०५३ सालमा विना विभागीमन्त्री भए। २०५४ सालमा भण्डारी युवा, खेलकुद तथा संस्कृतिमन्त्री भए।

२०५६ सालमा पनि महोत्तरीबाट चुनाव जिते। २०५६ मै उनी पुनः युवा, खेलकुद तथा संस्कृतिमन्त्री भए। २०५८ सालमा भण्डारी स्वास्थ्यमन्त्री भए।

२०६३ सालमा पुनर्स्थापित व्यवस्थापिका संसद् सदस्य थिए। २०६४ सालमा संविधान सभा सदस्य भए। २०६६ सालमा पर्यटन तथा नागरिक उड्डयनमन्त्री भए। २०६८ सालमा रक्षामन्त्री भए।

२०७० को दोस्रो संविधानसभा निर्वाचनमा महोत्तरी निर्वाचन क्षेत्र नम्बर १ र निर्वाचन क्षेत्र नम्बर ६ बाट उम्मेदवार थिए। तर, पराजित भए।

२०७४ र २०७९ मा भने प्रतिनिधिसभा सदस्यको चुनाव जिते। २०७८ सालमा ऊर्जामन्त्री भए। २०७९ श्रममन्त्री भए। २०८१ मा पनि फेरि भण्डारी केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको दुवै सरकारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री भए।

जेनजी आन्दोलनपछि प्रतिनिधिसभा विघटन भयो। आगामी २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन हुँदैछ। जसमा भण्डारी पुनः महोत्तरी क्षेत्र नम्बर २ बाट उम्मेदवार बनेका छन्।

# हतियार बुझाउन प्रशासनको अपिल

दैनिक समाचारदाता
काठमाडौं, ७ काठमाडौं। आगामी २१ फागुनमा हुने निर्वाचन नजिकिएसँगै इजाजत प्राप्त हतियार बुझाउन प्रशासनले सूचना जारी गरेको छ।

गृह मन्त्रालयको निर्देशनपछि ७७ वटै जिल्ला प्रशासन कार्यालयले सूचना जारी गर्दै हतियार बुझाउन भनेका हुन्। निर्वाचनका बेला लाइसेन्स प्राप्त हतियारसमेत चुनौतीपूर्ण बन्न सक्ने भन्दै प्रशासन हतियार बुझाउन भनेको हो।

यसअघि पनि प्रशासनले हरेक निर्वाचनको समयमा लाइसेन्सप्राप्त हतियार बुझाउन भन्दै सूचना निकाल्दै आएको छ।

यसका साथै गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनमा लुटिएका सुरक्षाकर्मीका हतियार फिर्ताका लागि प्रहरीले काम गरिरहेको बताएको छ।

मंगलबार मात्रै गृहमन्त्रालयमा भएको पत्रकार सम्मेलनमा गृहमन्त्री ओमप्रकाश अर्यालले माघ महिनाभित्र सबैजसो हतियार फिर्ता ल्याउने प्रयास भइरहेको बताएका थिए।

# निर्वाचन आयोगमा 'कल सेन्टर' सञ्चालन



दैनिक समाचारदाता
काठमाडौं, ७ माघ। आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई केन्द्रित गरेर निर्वाचन आयोगले विगतमा जस्तै यस पटक पनि 'कल सेन्टर' स्थापना गरेको छ। आयोगको कार्यालय, कान्तिपथमा सञ्चालित कल सेन्टरबाट निर्वाचनसँग सम्बन्धित मतदाता, नागरिक र सरोकार भएकाको जिज्ञासा सुनुवाइ गरिने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। ६ वटा डेस्क रहेको उक्त केन्द्र बिहान ९:०० बजेदेखि साँझ ६:०० बजेसम्म सञ्चालन हुनेछ। यसमा निःशुल्क टोल(फ्री नम्बर ११०२ मा फोन गरेर मतदाता, नागरिक र सरोकार भएकाले जिज्ञासा राख्न सक्नेछन्। यसमा एकै पटक १५ जनासम्मले फोन गर्दा कल होल्डमा नपर्ने व्यवस्था गरिएको आयोगले जनाएको छ।

# रास्वपाले प्रत्यक्षमा उठाएका यी हुन् १७ महिला उम्मेदवार



दैनिक समाचारदाता
काठमाडौं ७ माघ। विघटित प्रतिनिधि सभाको चौथो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आसन्न चुनावका लागि प्रत्यक्षतर्फ १६ महिला उम्मेदवार बनाएको छ।

रास्वपाले कोशीमा ५, मधेश र बागमतीमा ४/४ जना महिला उम्मेदवार बनाएको छ।

गण्डकी र सुदूरपश्चिममा १/१ र कर्णालीमा २ जना महिला रास्वपाको उम्मेवार बनेका छन्। लुम्बिनीमा भने रास्वपाबाट महिला उम्मेदवार बन्न सकेनन्।

कोशीका २८ क्षेत्रमा सुनसरीमा १ झापा र मोरङबाट २/२ जना उम्मेदवार बनेका छन्। पूर्व उपसभामुख इन्दिरा रानामगरलाई झापा(२ बाट उम्मेदवार बनाइएको छ। झापा(१ बाट यसअघि समानुपातिक सांसद रहेकी १ निशा डाँगीलाई उम्मेदवार बनाइएको छ।

सुनसरी(१ मा सरिन तामाङलाई रास्वपाले उम्मेदवार बनाएको छ। उनी गत निर्वाचनमा पनि यही क्षेत्रमा प्रतिस्पर्धी हुन्। मोरङ(५ मा आशा झा र मोरङ ६ मा रुविना आचार्यलाई रास्वपाले उम्मेदवार बनाएको छ।

मधेशका ३२ क्षेत्रमा चार जना महिलालाई रास्वपाले उम्मेदवार बनाएको छ। मधेशबाट रास्वपाले उम्मेदवार बनाएका महिलाहरुमा सप्तरी(१ मा पुष्पा चौधरी, धनुषा(१ मा किशोरी साह, महोत्तरी ४ मा गौरीकुमारी यादव र सर्लाही(१ मा नितिमा कार्की छन्।

३३ क्षेत्र रहेको बागमती पनि रास्वपाबाट ४ महिलालाई रास्वपाले उम्मेदवार बनाएको छ। सामाजिक अभियन्ता आशिका तामाङ धादिङ(१ बाट प्रतिस्पर्धी बनेकी छन्। काठमाडौं(१ मा रञ्जु दर्शना उम्मेदवार बनिन्। समानुपातिकतर्फ उम्मेदवारको सूचीबाट हटाएर उनलाई प्रत्यक्षको उम्मेदवार बनाइएको छ। गत निर्वाचनमा काठमाडौं(२ मा निर्वाचित सोविता गौतमले चितवन(२ बाट उम्मेदवार बनिन्।

१८ निर्वाचन क्षेत्र रहेको गण्डकीमा रास्वपाबाट एकजना मात्रै उम्मेदवार बन्न पाउने विना गुरुङ बनेकी छन्। उनलाई कास्की (३ बाट उम्मेदवार बनाइएको छ। १२ निर्वाचन क्षेत्र रहेको कर्णालीमा हुम्लामा टासी ल्हाजोम र जुम्लामा विनिता कठायत उम्मेदवार बनेका छन्। वातावरणको क्षेत्रमा कार्यरत टासीको नाम समानुपातिकको सूचीबाट हटाएर प्रत्यक्षमा उठाइएको हो। विघटित संसदमा समानुपातिक सांसद रहेकी कठायत प्रत्यक्षमा उठेकी छन्।

१६ क्षेत्र रहेको सुदूरपश्चिममा रास्वपाबाट सुदूरपश्चिममा कैलाली(१ बाट कोमल ज्ञवाली उम्मेदवार बनिन्। २६ निर्वाचन क्षेत्र रहेको लुम्बिनीमा भने महिला उम्मेदवार उठाइएन।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४